# झिमरुक गाउँपालिका

झिमरुक गाउँपालिका कृषि तथा पशुपन्छी विपद् कोष संचालन कार्यविधि, २०७७ (प्रथम संसोधन २०८३)

प्रमाणिकरण मिति :२०८३/०४/२७

**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भ्यागुते,प्यूठान**
**लुम्विनी प्रदेश,नेपाल**

**झिमरुक गाउँपालिका कृषि तथा पशुपन्छी विपद् कोष संचालन कार्यविधि, २०७७ (प्रथम संसोधन २०८३)**

**प्रस्तावनाः**

झिमरुक गाउँपालिका कृषिको सम्भावना रहेको गाउँपालिका भए तापनि भौगोलिका विकटता तथा प्राकृतिक विपका कारणले कृषकहरुको कृषि व्यवसाय प्रति रुची कम हुँदै गएको हुँदा सो अवस्थालाई मध्यनजर गर्दै आकस्मिक रुपमा कृषि क्षेत्रमा हुने क्षतिलाई न्यूनिकरण गर्दै कृषकहरुमा कृषि प्रति रुची बढाई कृषि पेशालाई प्रभावकारी तथा कृषकहरुलाई व्यवसायिक रुपमा अगाडि बढाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम झिमरुक गाउँपालिकाको कार्यपालिकाले कृषि तथा पशुपन्छी विपद् कोष सञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम झिमरुक गाउँपालिका कृषि तथा पशुपक्षी विपद् कोष सञ्चालन कार्यविधि, २०७७ रहने छ ।

२. प्रारम्भः यो कार्यविधि गाउँ कार्यपालिकावाट कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ। यस कोषबाट आर्थिक वर्ष २०७७/०७८ देखि बालीनाली नोक्सानी तथा पशुपक्षीमा भएको कृषकहरुलाई क्षतिको राहत उपलब्ध गराइने छ ।

**परिच्छेद २**

**परिभाषा**

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क. कृषितथा पशुपंक्षी विपद् कोष** भन्नाले यस कार्यविधि बमोजिम झिमरुक गाउँपालिकामा स्थापित कृषि तथा पशुपंक्षी विपद् कोषलाई जनाउदछ ।

**ख. कार्यविधि** भन्नाले झिमरुक गाउँपालिका कृषितथा पशुपंक्षी विपद् कोष सञ्चालन कार्यविधि, २०७७ लाई

सम्झनु पर्ने छ ।

**ग. गाउँपालिका** भन्नाले झिमरुक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्ने छ ।

**घ. बालीनाली नाश** भन्नाले प्राकृक्तिक तथा गैह्र प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सृजना भई किसानहरुको खेतबारीमा लगाएको बालीनाली आंशिक वा पूर्ण रुपमा नष्ट भएको अवस्थालाई सम्झनु पर्ने छ ।

**ङ) पशुपन्छीको क्षतिः** भन्नाले प्राकृतिक तथा गैर प्राकृतिक कारण बाट उत्पन्न विपतीपुर्ण अवस्था सूजना भई पशुपालक कृषकहरुले पालन गरेको चौपाया तथा पन्छी पूर्ण रुपमा नोक्सानी भएको (मरेको) आगलागीबाट पशु जलेर मरेको वा कुनै महामारीजन्य रोगबाट मरेको अवस्थालाई सम्झनुपर्दछ ।

**च. प्राकृतिक प्रकोप भन्नाले** बाढी, पहिरो, भूकम्प, ज्वालामुखी विष्फोट, चट्याङ तथा भू-स्खलन, हावाहुरी असिनापानी जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्ने तथा महामारीजन्य पशु रोग, जंगली जनावरबाट भएको क्षति ,

**छ. गैर प्राकृतिक विपद् भन्नाले** महामारी तथा महामारीजन्य पशुरोग, जंगली जनावार बाट भएको क्षती अनिकाल, डढेलो, आगलागी, किट आतंक, खानी दुर्घटना, औद्योगिक दुर्घटना वा अन्य कारणबाट सृजित विपद्लाई सम्झनु पर्ने छ ।

**ज. बालीनाली भन्नाले** खाद्यान्न, तरकारी, फलफूल, दलहन तथा तेलहन नगदे बाली (चिया, कफी) आदिलाई सम्झनु पर्नेछ ।

**(झ) पशुपन्छी भन्नाले** : घरपालुवा चौपाया (गाई,भैसी,भेडाबाखा,वंगुर ) तथा पन्छी भन्नाले कुखुरा, हाँस,टर्की बट्टाई आदिलाई सम्झनु पर्दछ ।

## परिच्छेद ३

## मूल्याङ्कन समितिः

**४. मूल्याङ्कन समितिः** बालीनाली नाश भएको मूल्याङ्कन गर्न एक मूल्याङ्कन समिति रहने छ । जसको गठन देहाय बमोजिम हुनेछ :-

क. सम्बन्धित वडाको वडा अध्यक्ष अध्यक्ष

ख. सम्बन्धित वडाको समितिले तोकेको १ जना वडा सदस्य सदस्य

ग. सम्बन्धित वडा हेर्ने कृषि वा पशु प्राविधिक-सदस्य

घ. सम्बन्धित क्षेत्र हेर्ने इलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

ङ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

**५. समितिको काम कर्तव्य र अधिकार** मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय तथा पशुपन्छी बमोजिम हुने छ ।

क.. प्राकृतिक प्रकोपबाट बालीनाली तथा पशुपंक्षी नष्ट भई पिडित भएको सन्दर्भमा तथ्यांक संकलन गरी पिडित भएका कृषकहरुको सन्दर्भमा सम्बन्धित वडा कार्यालयमा पर्न आएका निवेदनको आधारमा तथ्यांक संकलन गरी बालीनाली नाश तथा पशुपन्छीमा भएको क्षतिको स्थलगत निरक्षण गरी मूल्याङ्कनप्रतिवेदन तयार पार्ने ।

ख. मूल्याङ्कन समितिले बालीनाली नाश तथा पशुपन्छीमा भएको क्षतीको स्थलगत मूल्याङ्कन प्रतिवेदन, प्रहरी सरजमिन मुचुल्का तथा वडा कार्यालयको सिफारिस समेतको आधारमा क्षतिपूर्ति निर्धारण गर्नका लागि सिफारिस समितिमा प्रतिवेदन पेश गर्ने ।

**६. सिफारिस समिति** कृषि तथा पशुपन्छी विपद् कोष सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक नीति तथा निर्देशन लगायत क्षतिको राहत सिफारिस गर्नको लागि देहाय बमोजिम सदस्य रहने गरी एक विपद् कोष सिफारिस समिति रहने छ ।

क) गाउँपालिका अध्यक्ष अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष सदस्य

प्रमख प्रशासकीय ग) अधिकृत - सदस्य

घ) आर्थिक विकास समिति संयोजक सदस्य

ङ) कृषि-पशुपन्छी बिकास शाखा प्रमुख- सदस्य र सचिव

विपद् कोष सिफारिस समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा आवश्यक कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिने छ ।

**७. सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

क. गाउँपालिका कृषि-पशुपन्छी /विपद् कोष व्यवस्थापनका लागि आर्थिक श्रोतको व्यवस्थापन गर्ने ।

ख. बालीनाली नाश/पशुपन्छीको क्षती हुनु अगावै जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

ग. प्राकृक्तिक तथा गैर प्राकृतिक प्रकोपबाट बालीनाली/पशुपन्छी नाश भई पिडित भएको कृषकहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी बालीनालि /पशुपंक्षीको नाश भएको मूल्याङ्कन समितिको प्रतिवेदनको आधारमा राहत कार्यक्रम संचालन गर्ने।

घ. मूल्याङ्कन समितिको बालीनाली/पशुपन्छी नाश भएको स्थलगत मूल्याङ्कन प्रतिवेदन र वडा समितिको सिफारिसको आधारमा क्षतिको विवरण निर्धारण गरी राहत प्रदान गर्ने ।

परिच्छेद : ४

समितिको बैठक

८. गणपुरक संख्या :

क. मूल्यांकन र सिफारिस समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिने छ । तर आपत्कालिन अवस्थामा सिफारिस समितिका अध्यक्षले उद्दार तथा राहतका लागि सिधैं निर्देशन गर्न सक्ने छन् ।

ख. मूल्याङ्कन तथा सिफारिस समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बखत पनि बस्न सक्ने छ ।

## परिच्छद : ५

## कृषि तथा पशुपन्छी विपद् कोषको स्थापना तथा संचालन :

९. कृषि तथा पशुपन्छी विपद् कोषको स्थापना : झिमरुक गाउँपालिकामा एक कृषि तथा पशुपन्छी विपद् कोषको स्थापना गरिने छ जसमा देहाय वमोजिमको रकम जम्मा गरिने छ :-

१. झिमरुक गाउँपालिकाबाट वार्षिक रुपमा कृषि तथा पशुपन्छी विपद् कोषमा विनियोजन भएको रकम।

२. संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

३. विभिन्न सरकारी, गैर सरकारी संस्था तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम ।

१०. कोषको संचालन :

क. यस कोषको संचालन झिमरुक गाउँपालिकाको अन्य कोष सरह हुनेछ ।

ख. कोषमा जम्मा भएको रकम अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन ।

ग. यस कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६

## वालीनाली क्षतिको राहत सम्बन्धी व्यवस्थाः

**११: बालीनाली क्षतिको राहत :**

क. कृषि तथा पशुपन्छी विपद् कोषबाट क्षतिको राहत उपलब्ध गराउँदा मूल्याङ्कन समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा सिफारिस समितिले देहाय बमोजिमको क्षतिको राहत सिफारिस गर्नेछ ।

१. दुई हजारदेखि पाँच हजारसम्म क्षति भएमा- रु दुई हजार

२. पाँच हजारदेखि दश हजारसम्म क्षति भएमा- रु तीन हजार

३. दश हजारदेखि बीस हजारसम्म क्षति भएमा - रु पाँच हजार

४. बीस हजारदेखि तीस हजारसम्म क्षति भएमा - रु सात हजार

५. तीस हजारदेखि पचास हजारसम्म क्षति भएमा- रु दश हजार

६. पचास हजारदेखि एक लाखसम्म क्षति भएमा- रु बीस हजार

७. एक लाखदेखि पाँच लाखसम्म क्षति भएमा - रु तीस हजार

८. पाँच लाखदेखि माथि क्षति भएमा- रु पचास हजार

ख. राहत प्राप्त गर्नका निम्ति कृषकले घटना भएको ५ दिनभित्र अनुसूची १ बमोजिमको निवेदन ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ र मूल्याङ्कन समितिले प्रहरी सर्जमिन मुचुल्का र अनुसूची २ बमोजिमको फाराम भरी आवश्यक कागजातहरु सहित निवेदन पेश गरेको मितिले ७ दिनभित्र सिफारिस समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ग. मूल्याङ्कन समितिबाट पेश भएको क्षतिको विवरणको अध्ययन पश्चात सिफारिस समितिले देहायको मापदण्डको आधारमा क्षतिको राहत पाउने कृषकहरुको प्राथमिकताको सूची तयार गरी रकम भुक्तानीको लागि सिफारिस गर्ने छ।

१. बालीनाली तथा पशुपन्छी पूर्ण रुपमा क्षति भएको परिवार

२. पूर्णरुपमा कृषिमा आश्रित परिवार

३. कुनै सरकारी सेवामा आवद्ध नभएको
४. वैदेशिक रोजगार वा व्यवसायबाट अन्य नियमित रुपमा आम्दानी गर्ने परिवार

**१२. रकम भुक्तानीः** मूल्याङ्कन समितिको प्रतिवेदनका आधारमा दफा ११ बमोजिम रकम सिफारिस समितिको बैठकले निर्णय गरेपछि सोही कोषबाट रकम भुक्तानी गरिने छ ।

## परिच्छेद ७
## विशेष व्यवस्था

**१३. अनुगमन तथा प्रतिवेदन सम्बन्धमा**

क. यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिकाबाट अनुगमन गरिने छ । ख. यो कार्यविधि अनुसार संचालित कार्यहरुको प्रतिवेदन वार्षिक रुपमा सिफारिस समिति
मार्फत गाउँ कार्यपालिकामा पेश गरिने छ ।

**१४. संशोधन तथा खारेजीः** झिमरुक गाउँपालिका कृषि तथा पशुपन्छी /विपद् कोष संचालन कार्यविधि, २०७७ को संशोधन २०८३, परिमार्जन तथा खारेजी आवश्यकता अनुसार झिमरुक गाउँ कार्यपालिकाले गर्ने छ ।

दफा ५ को (क) सगँ सम्बन्धित

**अनुसूची १**

**निवेदनको ढाँचा**

मिति :

प्रस्तुत विषयमा............................................का दिन आएको................ ले मेरो अन्दाजी ..... रोपनी ............. बाली नष्ट ..................चौपाया/पशुपन्छी नष्ट भएकोले यस कार्यालयबाट कृषि उपज तथा पशुपन्छी क्षतीको मुल्याङ्कन गरी दिनु हुन यो निवेदन पेश गरेको/गरेकी छु ।

<u>पेश गरेका कागजातहरु</u>

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि

२. क्षतिको विवरण देखिने गरी फोटोहरु

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क न.

अनुसूची २

दफा ११ को उपदफा ख सँग सम्बन्धित

**पशुपन्छी / बालीनाली क्षतिको मूल्याङ्कन फाराम**

वडा कार्यालयको छाप

| क्र.स. | पिडित कृषकको नाम थर | ठेगाना | विपद घटेको मिति | विपदको नाम/किसिम | क्षति भएको वालीको अवस्था(संख्या/रोपनी) | | जग्गाको क्षेत्रफल/पशुपन्छीको संख्या | क्षति भएको अनुमानित रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुर्ण रुपमा क्षति | आंसिक रुपमा क्षति | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

................. ...................................... .............................

वडा सचिव     कृषि वा पशु प्रविधिक     वडा अध्यक्ष

कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०७७/५/१९ गते झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणिकरण करण गर्दछु ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत
मिति